प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद

# मधेश प्रदेश कार्यालय

## जनकपुरधाम, धनुषा

## डिप्लोमा तथा प्रमाण-पत्र तह र प्रि-डिप्लोमा तहको वर्गिकृत (निःशुल्क) छात्रवृत्ति तर्फ रिक्त सिटमा सिफारिश सम्वन्धी अत्यन्त जरुरी सूचना ।

प्रकाशित मिति : २०८०/०६/०८

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् मधेश प्रदेश कार्यालयद्धारा मिति २०८०।०५।८ गते प्रकाशित प्रि-डिप्लोमा तह र मिति २०८०।०५।१९ गते प्रकाशित डिप्लोमा तथा प्रमाण-पत्र तहको बर्गीकृत (निःशूल्क) छात्रबृत्ति तर्फको नतिजा अनुसार तोकिएको समयावधिभित्र तोकिएको शिक्षण संस्थामा भर्ना हुन नगई रिक्त रहेको सिटमा बैकल्पिक/उत्तिर्ण सूचीमा रहेका उम्मेदवारहरुलाई योग्यताक्रम अनुसार भर्नाको लागि सिफारिश गरिएको व्यहोरा सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । वर्गिकृत (निःशुल्क) छात्रवृत्तिको रिक्त सिटमा सिफारिश भएका मुख्य उम्मेदवारहरुले तोकिएको शिक्षण संस्थामा मिति २०८०/०६/१५ गते सम्म कार्यालय समयभित्र आफ्नो शैक्षिक योग्यताको सक्कल प्रमाण-पत्र, नागरिकता वा जन्मदर्ताको प्रमाण-पत्र, आफु वर्गिकृत छात्रवृत्तिको जुन समुहमा छनौट भएको हो सो को सक्कल प्रमाण-पत्रहरु र Online छात्रवृत्ति छनौटको आवेदन फाराम भर्दा प्राप्त भएको प्रवेश पत्र सहित सिफारिश गरीएको शिक्षण संस्थामा भर्ना भई सक्नु पर्ने छ । सम्वन्धित शिक्षण संस्थाहरुले यसै सूचनालाई आधार मानी उल्लेखित सूचना तथा निर्देशिका वमोजिम प्रशिक्षार्थीहरुको सक्कल शैक्षिक प्रमाण-पत्रहरु तथा लक्षित वर्गका प्रमाण-पत्रहरु रुजु गरी भर्ना गर्नु गराउनु हुन र तोकिएको मिति र समय भित्र भर्ना हुन नआई रिक्त रहेको कोटा,भर्ना हुन नआएको प्रशिक्षार्थीको नाम, अनुमति नं, वर्गिकृत छात्रवृत्तिको समुह (कोटा) समेत उल्लेख गरी ३ (तिन) दिन भित्र यस कार्यालयको ईमेल ठेगाना ctevt.province2@gmail.com र सो को वोद्यार्थ परिषद्, परीक्षा नियन्त्रण कार्यालय (oce.ctevt@gmail.com) मा अनिवार्य रुपमा पठाउनु हुन समेत अनुरोध छ । नतिजा हेर्नको लागि परिषद् प्रदेश कार्यालयको website: ctevtp2.org.np तथा परिषद् कार्यालयको website: ctevtexam.org.np मा हेर्नु हुन समेत सबैमा जानकारि गराईन्छ ।

निर्देशक
मधेश प्रदेश कार्यालय
जनपकपुरधाम, धनुषा